## ठाकुरबाबा नगरपालिकाको नगरसभामा नगर उपप्रमुख कृष्णा कुश्मा थारुज्यू वाट प्रस्तुत

## आर्थिक वर्ष २०७४।०७५ को

# नीति तथा कार्यक्रम

ठाकुरबाबा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सैनवार ,बर्दिया

३०असोज २०७४

***अध्यक्ष महोदय ,***

सर्वप्रथम त यस नगरपालिकाको नगरसभामा नगरपालिका र मेरो व्यक्तिगत तर्फबाट हार्दिकतापुर्वक स्वागत गर्न चाहान्छु ।

देश र जनताको हक र अधिकारको निम्ति , संघिय लोकतान्त्रिक गणतन्त्रको निम्ति, लोकतन्त्र, प्रजातन्त्रको निम्ति , शान्ति अमन चयन र बिकासको निम्ति, नया नेपाल निर्माणको निम्ति , २००७ सालको जनक्रान्ति, २०४६ को एतिहासिक जनआन्दोलन , १० बर्से जनयुद, २०६२/०६३ को जनाआन्दोलन र विभिन्न समयमा भएका थरुहट र मधेस आन्दोलन तथा अन्य आन्दोलन क्रममा जिउ ज्यानको प्रवाह नगरी जिवन आहुति दिने सवै विर शहिद र सपुत प्रति श्रदान्जली एवंम उच्च सम्मान प्रकट गर्ने र विभिन्न आन्दोलनका क्रममा घाइते,अपाङ्ग र वेपत्ता तथा पिडित नागरीक प्रति उच्च सम्मान प्रकट गर्दछु ।

कर्णाली नदि र ववइ नदिको बिचमा वर्दिया राष्ट्रिय निकुन्ज संग जोडिएको पर्यटकिय हिसावले आकर्षक र महत्वपुर्ण गन्तब्य स्थल , कृषिको हिसावले उर्वरभुमी, सामाजिक तथा सांस्कृतिक विविधता, जैविक विविधता, विकासको दृष्टिकोणले योजनावद्द र व्यवस्थित वसोवास निर्माण गर्न सकिने वर्दिया जिल्लाकै उच्च विकासको संभावना भएको यस नगरपालिकाको गरिमामय सभामा नगरपालिकाको वार्षिक नीति कार्यक्रम तथा वजेट प्रस्तुत गर्न पाउदा म गौरवान्तित भएको छु ।

लोकतान्त्रिक शासन व्यवस्थामा जनतालाई विकासका संवाहक र मालिकका रूपमा लिदै उनीहरूका इच्छा, आकाङक्षा ,माग, चाहना ,आवश्यकता,प्राथमिकता, समस्या, अवसर, चुनौति र संभावनाको खोजि गरी जनताकै भुमिकालाई सर्वाधिक महत्व दिने गरिन्छ । जनतालाइ स्थानिय शासन प्रकृयामा आधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाइ स्थानिय लोकतन्त्रलाई संरक्षण र प्रर्वदन समेतलाइ जोड दिने र सो मार्फत जनताले लोकतन्त्रको लाभ र विकासका प्रतिफल समेत प्राप्त गर्दछन भन्ने मान्यता र लोकतान्त्रिक अभ्यास, संस्कार र प्रयोग स्थानिय शासनको माध्यमबाट मात्र संभव छ भन्ने सर्वव्यापी मान्यतामा आधारीत भै स्थानिय तहको निर्वाचन मार्फत स्थानिय तहमा जननिर्वाचित प्रतिनिधीहरुलाइ आफ्नो भाग्य आफै कोर्ने यो स्वर्णिम अवसर जनताले दिएका छन र यो नै लोकतान्त्रिक ब्यवस्थाको सुन्दर पक्ष र संस्कार समेत ठानेको छु ।

यद्पी यस नगरपालिका क्षेत्रको आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक तथा भौतिक विकासले अपेक्षित र तिव्रत्तर गति नलिएको यथार्तता हाम्रा सामु सर्वविदितै छ । विगत पन्ध्र वर्षदेखि जनप्रतिनिधि विहिन रहेको स्थानीय निकायलाई नेपालको संविधान अनुरुप ७५३ स्थानीय तहमा पुनर्संरचना भएको छ । उक्त संरचना बमोजिम साविकका ववइ नगरपालिका ,शिवपुर, र ठाकुरद्धारा गाउँ विकास समितिहरु मिलेर यो ठाकुरवावा नगरपालिका गठन भएको र

भर्खरै मात्र स्थानिय तहको रुपमा नगरपालिका भएकोले सुरूवाती दिनहरूमा नगरपालिकामा हुनुपर्ने आधारभुत पुर्वाधार निर्माण र व्यवस्थित शहरी विकासका लागि थुप्रै श्रोत साधन र सवै तहबाट सहयोग, सल्लाह र समन्वयको आवश्यक पर्ने देखिन्छ र जसको पुर्ति यस नगरपालिका क्षेत्र भित्रको सिमित श्रोत र साधनको परीचालन र जनप्रतिनिधी तथा कर्मचारी मात्रको प्रयासबाट मात्र संभव देखिदैन । यसै यर्थातलाइ मनन गरी विकास र सेवा प्रवाहलाई नजिकबाट वुझेका जननिर्वाचित प्रतिनिधी, यस नगरक्षेत्र भित्र क्रियाशिल राजनैतिक दलका प्रमुख एवंम प्रतिनिधी , विकासप्रेमी नागरीक समाजका अगुवा, समाजसेवी, वुद्धिजिवी, निजि क्षेत्र र आम नगरवासीका माग, आवश्यकता, चाहना, र प्राथमिकता र तिनको राय, सल्लाह र सुझावमा नेपाल सरकारवाट प्राप्त वित्तिय समानिकरण, शशर्त अनुदान र सिमित आन्तरीक श्रोतबाट यस नगरपालिकाको विकासलाइ तिव्रता दिनुपर्ने देखिन्छ ।

***अध्यक्ष महोदय,***

यसै सन्दर्भमा नेपालको संविधान, २०७२ स्थानीय तह संचालन तथा कार्यान्वयन आदेश, २०७४ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी निर्देशनका आधारमा सशर्त, समानिकरण तथा अन्य अनुदान र नगरपालिका मार्फत निक्षेपित/विषयगत कार्यालय तथा वडालाई प्राप्त हुने अनुदानको बजेट सिलिङ्गका आधारमा आगामी वर्षको आयव्यय अनुमान तयार गरी नीति, कार्यक्रम तथा बजेट तयार गरी राज्स्व परामर्श समितिको सुझाव, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको सुझाव, बजेट तथा कार्यक्रम तर्जुमा समिति तथा अन्य समितिहरु स्थानीय स्वायत्त शासन तथा व्यवस्थापन कार्यविधि, २०७४ र प्रचलित निर्देशिका र कार्यविधिको अधिनमा रही आ व २०७४।०७५ को वार्षिक नीति तथा कार्यक्रम पेश गरेकी छु।

- सर्वप्रथम त स्थानीय तहहरुले प्रत्येक वर्षको बजेट असार १५ गते प्रस्तुत गर्ने कानूनी व्यवस्था भएकोमा यस वर्ष बजेटको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपर्ने समयमा यस नगरपालिकाको निर्वाचन सम्पन्न भई नसकेको अवस्था विद्यमान रहेको हुँदा उक्त विशिष्ट परिस्थितिलाई मध्येनजर गरी आज हामीले नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रवन्ध मिलाएका छौ र आगामी वर्षको बजेट, नीति तथा कार्यक्रम तोकिएको समयभित्रै ल्याउने प्रतिवद्धता व्यक्त गर्दछु ।
- नेपालको संविधानले परिकल्पना गरेको स्थानीय तहको सरकारको अवधारणा आज ठाकुरबाबा नगर कार्यपालिका र नगर सभाको गठन पश्चात संस्थागत भएको छ । यस नगरपालिकाका ठूला साना राजनीतिक दलहरु मिलेर काम गर्न सके मात्र संविधानले परिलक्षित गरेको स्थायी शान्ति, राष्ट्रिय एकता, विभिन्न जातजाति र सम्प्रदायवीचको भावनात्मक सम्वन्ध प्रगाढ बन्ने र नगरपालिकाको आर्थिक सामाजिक रुपान्तरण हुने विश्वास लिएका छौं । नगरपालिका आफ्नो क्षेत्रभित्रका सबै राजनीतिक दलसँग निरन्तर सम्वाद र सहकार्य गरेर शान्त, समृद्ध र हरित नगरपालिका निर्माण गर्न कटिवद्ध छ ।
- मिति २०७४ श्रावण २८ गते राति परेको अविरल बर्षाबाट आएको बाढीले यस ठाकुरवावा नगरपालिकामा धेरै क्षति पुर्याएको छ । करीव ८९ घर पूर्णरुपमा क्षति भएका छन भने !%!*घरहरु आंशिकरुपमा क्षति भएका छन । बाढी पीडितहरुलाई धैर्य धारण गरी आगामी दिनमा पनि आउन सक्ने यस किसिमका विपद्को सामनाका लागि सजग रहन आग्रह गर्दछु । त्यसैगरी उक्त बाढीबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माण र पुर्नस्थापनाका लागि नेपाल सरकार समक्ष जोडदार पहल गरिनेछ साथै नगरपालिकाको तर्फबाट समेत बाढीपीडितहरुलाई थोरै भएपनि राहत उपलब्ध गराईएको छ ।

- बाढी, आगलागी, शीतलहर, सुख्खा खडेरी, चट्याङ, सर्पदंश जस्ता प्रकोपहरुबाट बच्नका लागि प्रभावकारी कानूनी तथा नीतिगत व्यवस्था गरिनेछ । साथै प्रकोपका hazard prone area को पहिचान गरी सो क्षेत्रको नियन्त्रणको प्रभावकारी ब्यवस्था गरीनेछ । नगरस्तरीय विपद् व्यस्थापन समिति गठन भैसकेको र छिटै नै वडास्तरीय विपद् व्यवस्थापन समिति र विषयगत समितिहरु गठन गरिनेछ । नगरपालिकामा विपद्को पूर्व तयारी, प्रतिकार्य, उद्धार तथा राहत, पुनर्निर्माण र पुनर्लाभका योजनाहरु बनाईने छ । नगरस्तरीय विपद् व्यवस्थापन कोष र मेयर विपद् व्यवस्थापन कोष छिटै नै स्थापना गरी उक्त कोष सञ्चालन कार्यविधि र विपदमा परेकालाई राहत उपलब्ध गराउने मापदण्ड बनाईने छ ।
- यस नगरपालिकाले आफ्नो कार्यसंचालन कार्यविधि, कार्यसम्पादन कार्यविधि र बैठक सम्वन्धी कार्यविधि जस्ता महत्वपूर्ण कानूनहरु बनाई कार्यान्वयनमा ल्याएको छ साथै नगरसभाले पनि आफ्नो बैठक सम्वन्धी कार्यविधि बनाई कार्यान्वयनमा ल्याइसकेको छ र स्थानिय तह संचालनका लागि अन्य आवश्यक पर्ने कानून र कार्यविधी क्रमश तजुमा गरिनेछ ।
- नगरपालिकाले जनतालाई प्रदान गर्ने सेवा सुविधाहरु वडास्तरबाटै उपलब्ध गराउन यस नगरपालिकामा रहेका ९ वटा वडा मध्ये ९ वडामा वडा कार्यालयहरु स्थापना गरिसकिएको छ ।

- नगरपालिका कार्यालयमा सोलार, इन्टरनेट, सि सि क्यामरा ,ई–हाजिरी लगायतका प्रविधिको जडान सम्पन्न भएको र वडा कार्यालयमा उक्त सेवा लगायत कार्यालय ब्यवस्थापन यथासिघ्र उच्च प्राथमिकता दिइ संचालन गरिने छ । साथै नगरपालिका तथा वडा कार्यालय बाट प्रभावकारी सार्वजनिक सेवा सुचारु हुने र सवै विषयगत शाखाहरु स्थापना हुने छ । र जनतासँग मेयर कार्यक्रम सञ्चालन गरी जनगुनासोलाई तत्कालै सम्वोधन गर्ने व्यवस्था गरिने छ ।

- संविधानको लक्ष्य अनुरुप संघीय शासन प्रणालीलाई आत्मसाथ गर्दै छिमेकी स्थानीय तह र अन्य स्थानीय तहसँगको सम्वन्धलाई नगरपालिकाको स्वार्थ र आवश्यकताको आधारमा पारस्परिक हित, समानता, सहयोग र सौहार्दतामा वृद्धि हुने गरी सुदृढ गरिनेछ ।
- नगरबासीका विभिन्न समस्या र गुनासाहरुलाई सम्वोधन गर्न र नगर प्रमुख र उप प्रमुख सँग जनताको सिधा सम्पर्क कायम गर्न जनतासँग मेयर र उपमेयर कार्यक्रम सञ्चालन गरिनेछ । उक्त कोषको कार्यविधि बनाई नगर प्रमुख समक्ष आएका जनताका माग र गुनासाहरुलाई छोटो विधि (Fast Track) बाट सम्वोधन गरिनेछ ।
- नमुना गाउँ निर्माण गर्दै ठाकुरवावा नगरपालिकाको प्राकृतिक स्रोत, ऐतिहाँसिक, सामाजिक, साँस्कृतिक पहिचान र आर्थिक सामर्थ मजबुत बनाई गतिशील ठाकुरवावा नगर निर्माण गरिनेछ । आर्थिक रुपमा विपन्न लोपोन्मुख समुदाय र दलितलाई नेपाल सरकारबाट प्रदान भएको जनता आवास कार्यक्रम मार्फत आवासको व्यवस्था गर्ने कार्यलाई प्रभावकारी बनाउन आवश्यक पहलका साथै सहयोग गरिनेछ । नगरपालिकाको केन्द्र र गाउँ र टोलको अन्तर सम्वन्ध मजबुत गर्दै व्यवस्थित र समृद्ध गाउँहरु निर्माण गर्ने व्यवस्था मिलाईनेछ ।
- राजश्वका नयाँ क्षेत्र पहिचान गरी नगरपालिकाको आम्दानी बढाउने कार्यक्रम सञ्चालन गरिने छ । राजश्व प्रशासनलाई प्रभावकारी बनाउन लेखा र राजश्व सम्वन्धी सफ्टवयेर राखी राजश्व संकलन र खर्च गरिनेछ । राजश्व लगायतका स्रोतबाट प्राप्त रकमलाई नगरपालिकाका प्राथमिकता प्राप्त आयोजनाहरुमा खर्च गरिनेछ ।
- **आधारभुत करका दरहरुलाई समयानुकुल थप घट गरि करको दायरा फराकिलो बनाउदै स्थानिय कर प्रणालीलाई बैज्ञानिक, पारदर्शी र समृद्ध तुल्याउने नीति अवलम्वन गरिनेछ ।**

- करका दायरामा हालसम्म नसमेटिएका पेशा रोजगार व्यवसाय तथा क्षेत्रका आर्थिक कारोवार तथा कृयाकलापलाई क्रमश करको दायरामा ल्याउने , कर दस्तुर तथा शुल्क का नया क्षेत्रहरूको पहिचान गर्दै दायरामा ल्याइ नगरपालिकाको आन्तरीक श्रोत संकलनमा कर दस्तुर तथा शुल्कलाइ महत्वपुर्ण श्रोतको रूपमा विकास गरी करको दायरा फराकिलो वनाउने नीति लिइने छ।
- बिभिन्न कर तथा दस्तुरहरुलाइ कम्प्यूटर प्रणालीबाट बिलिङ्ग गर्ने कार्यको शुरुवात गरि थप दरुस्त पार्ने कार्य गरिने छ ।
- नदीजन्य पदार्थ वालुवा, गिटी , ढुङगा ,काठ ,आदी श्रोतमा कानुन वमोजीम कर लगाउने ब्यवस्था गरीने छ ।
- यस नगरपालिकाका निर्वाचित पदाधिकारीहरु, कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम,
- गोष्ठि, सेमिनारहरु गरिनेछ र यसका लागि गैरसरकारी संस्थाहरुको सहयोग समेत लिईनेछ । नगरपालिकालाई आवश्यक पर्ने जनशक्तिको परिपूर्तिका लागि नेपाल सरकार समक्ष प्रभावकारी पहल गरिनेछ ।
- नगरपालिकाको स्वामित्वमा रहेको पुरातात्विक एंव ऐतिहासिक सम्पदाको संरक्षण गर्न, बजार क्षेत्रलाई व्यवस्थित गर्न र नगरपालिकामा सामान्य शान्ति सुरक्षा कायम राख्न नगर प्रहरीको गठन गरी परिचालन गर्ने कार्यलाई अगाडि बढाईने छ ।
- नगरवासीलाई नागरिकता पासपोर्ट लगायतका जिल्ला प्रशासन कार्यालयबाट प्रदान हुने सेवालाई नगरस्तरबाटै उपलब्ध गराउन यस नगरपालिकाको वडा नं.१ भुरिगाउ वजारमा इलाका प्रशासन कार्यालय स्थापनाका लागि आवश्यक पहल गरिनेछ साथै इलाका प्रहरी कार्यालय बगनाह, भुरीगाउको स्तरोन्नती गर्न समेत आवश्यक सहयोग तथा पहल गरिनेछ ।
- यस नगरपालिकामा भवन निर्माण आचारसंहिता र वस्ती तथा शहरी विकास सम्वन्धी मापदण्ड स्वीकृत गरी लागु गरीएको छ र उक्त आचारसंहिता र मापदण्ड अनुसार घरनक्सा पास तथा प्रमाणीत, सडकको क्षेत्राधिकार कडाइका साथ कार्यन्वयन गरिनेछ । त्यसैगरी उक्त मापदण्ड लागु हुनुपुर्व निर्माण भएका भवनहरूको आवश्यक प्रकृया पुरा गरी १ वर्ष भित्र अभिलेखीकरण कार्य सम्पन्न गरिनेछ ।
- यस नगरपालिकामा रहेका भूमिहिन सुकुम्वासी, मुक्त कमैया, हलिया आदिको वास्तविक लगत संकलन गरी उनीहरुलाई आँफूले बसोबास गरेको जग्गाको लालपूर्जा उपलब्ध गराउन कार्ययोजना बनाई लागू गरिनेछ । यस सम्वन्धमा नेपाल सरकार, प्रदेश सरकार, सुकुम्वासी समस्या समाधान आयोग लगायत सम्वन्धित अन्य निकायहरुमा जोडदार पहल गरिनेछ ।
- यस नगरपालिका भित्रका सडकलाई प्राथमिकताको आधारमा स्तरोन्तती गरिनेछ । नगरको समग्र यातायात गुरूयोजना वनाइ सडकको चौडाई सम्वन्धी मापदण्ड कार्यान्वयन गरिनेछ । कच्ची सडकहरुमा ग्राबेल गर्ने कल्भट हाल्ने पुल बनाउने जस्ता कार्यलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । सडकको दायाँ बायाँ बृक्षारोपण गर्ने कार्यलाई क्रमश कार्यान्वयन गर्दै लगिनेछ ।
- **घर घर वाट फोहोर उठाउदा स्रोतमै अनिवार्य रुपमा कुहिने र नकुहिने फोहर वर्गिकरण गरि अलग अलग रुपमा संकलन तथा व्यवस्थापन कार्यलाई प्राथमिकीकरण गरि फोहोर मैला ब्यवस्थापन ऐनको आधारमा जथाभावी फोहोर गर्नेलाई दण्ड जरिवना समेतको नीति लिने छ।**
- **टोल विकास संस्था गठन कार्यलाई प्राथमिकताका साथ अगाडी बढाई टोल विकास संस्थालाई सबल तथा अधिकार सम्पन्न बनाउने निती लिइनेछ।**

- **फोहरलाई श्रोतमै छुटयाउने नमुना टोलहरु बनाउने कार्यक्रमलााई अगाडि बढाई उत्कृष्ट टोल विकासहरु, संघ-संस्था तथा व्यक्तिहरुलाई पुरस्कृत तथा सम्मानित गरिने नीति लिईनेछ ।**
- **आवगमनलाई सहजता प्रदान गर्न बाटोको आसपास बाटो अवरोध हुने गरि कुनै पनि निर्माण सामाग्री राख्न नदिने र सो बाट उत्पन भएको फोहर सम्वन्धित व्यक्तिलाई नै हटाउन लगाउने । अटेर गरि नहटाउनेलाई फोहरमैला व्यवस्थापन ऐन तथा अन्य प्रचलित कानुन वमोजिम कडाईका साथ दण्ड जरिवना गर्ने नीति लिईनेछ ।**
- **नगरलाई वातावरण मैत्री बनाउन तथा हरियाली कायम गर्न एलानि, प्रति तथा वाटोमा फुल विरुवा रोपने तथा एक वडा एक उद्यान पार्क निर्माणको अवधारणा बनाई कार्यक्रम अगाडि बढाउने नीति लिईनेछ ।**
- **उपभोक्ता समिति, स्थानीय संघसंस्था, टोल विकास समिति एवं कर्मचारीहरुको क्षमता विकासको लागि आवश्यकताका आधारमा कार्यक्रमहरु संचालन गरिनेछ ।**
- **नगरको समग्र विकासको लागि आवधिक नगर विकास योजना  र नगर प्रोफाइल यसै चालु आ.व.मा तयार गरि सोहि अनुसार विकासका गतिविधी संचालन गरिनेछ ।**
- फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी वनाउन उद्योग वाणीज्य संघ तथा वजार विकास समिति संगको सहकार्य गरीने छ ।
- फोहरमैला व्यवस्थापनको दिर्घकालिन योजना तयार गरी विर्सजनको लागि उपयुक्त स्थानको खोजी गरी land fill side को अध्ययन गरीने छ ।
- सार्वजनिक तथा सरकारी जग्गा र संरचनाको संरक्षण गर्दै तिनको स्वामित्वलाई नगरपालिका ल्याउने कार्यमा विशेष जोड दिइने छ।
- **सौर्य सडक बतीलाई प्राथमिताको आधारमा सहर देखि ग्रामिण भेग सम्म प्राथमिकताका आधारमा कार्यन्वयन गर्दै लगिनेछ। नगरका मुख्य बजार क्षेत्रहरुमा सौर्य सडक वत्ति जडान तथा विस्तार गरिनेछ ।**
- **औद्योगिक नगरको रुपमा विकास गर्न औद्योगिक र आवासिय क्षेत्रको पहिचान गरी उधोग स्थापना , विकास ,संरक्षण र प्रवर्दन हुने खालका नीति र कार्यक्रम संचालन गरीने छ ।**
- लघु उद्यमको स्थापना, विकास, विस्तार, संरक्षण र प्रवर्द्धनमा सहयोग गर्दै उनिहरूको  आयआर्जनमा वृद्धिगरिने छ।
- **नगरलाई विश्व सामु पर्यटकिय नगरीका रुपमा चिनाउन राष्ट्रिय/अन्तर्राष्ट्रिय नगर तथा निकाय संग भगिनी सम्बन्ध कायम गर्न पहल गरिनेछ ।**
- छरियर रहेका सहकारीहरुलाइ एकतामा बाध्न सहकारी एकिकरणको निति लिइने छ ।
- दर्ता भएका सहकारीहरुलाइ उत्पादनमुलक अयमुलक एवं राजगारमुलक कार्यमा लाग्न अभिप्रिरित गरिने छ ।
- कृयाशिल सम्पुर्ण सहकारीहरुलाइ एकद्धार प्रणालीमा आवद्ध गरिने छ ।
- आन्तरिक तथा बाहृय पर्यटन प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । थारु जातिको मौलिक संस्कृतिको प्रवर्द्धन गरी पर्यटन क्षेत्रको विकास गरिनेछ । नगरपालिका भित्र रहेका कर्मला , गोविन्दपुर , वर्गदा , खैलार, वनखेत , चिटकैया, वेतहनि , ठाकुरद्वारा , बानुगांउ , शिवपुर गांउमा  होमस्टे  स्थानहरूको संभाव्यता अध्ययन गरी ती स्थानमा होमस्टे संचालन गरीने छ । सिमसार क्षेत्र, जलजला जलाधार क्षेत्र लगायतका पर्यटकीय स्थलहरुको पूर्वाधार विकास गर्ने र नगरभित्र विभिन्न स्थानहरुमा शहीद पार्क निर्माण गरी पर्यटन क्षेत्रको विकास गरिनेछ । नगरभित्र रहेका बौद्ध गुम्वा, चर्च, मस्जित आदि क्षेत्रको विकास र प्रचार प्रसार गरी धार्मिक पर्यटन समेत प्रवर्द्धन गरिनेछ ।
- ठाकुरबाबा नपा का वडा नं ६,७,८,९ का पर्यटकिय स्थलहरूमा horn निषेधित क्षेत्र घोषणा गरी पर्यटकको आवगमन र वसाइलाइ व्यवस्थित वनाइनेछ ।
- निकन्जका आसपास क्षेत्रमा सडक सौर्य वत्तीको व्यवस्था गरिने छ ।

- पर्यटन प्रवर्दनका लागी होडिाग वोर्डहरू राखि व्यवस्थापन गरिने छ ।
- आ.व.२०७४।७५ का योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा उत्कृष्ठ उपभोक्ता समिति र निर्माण व्यावसायीलाई सम्मान गरिने छ ।
- नेपाल सरकारले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निशुल्क हुने गरी गरेको व्यवस्थालाई निरन्तरता दिईनेछ । माध्यामिक तहसम्मको शिक्षालाई गुणस्तरीय बनाउन निजी तथा सामुदायिक विद्‌यालयको नियमित सुपरिवेक्षण र अनुगमन गरिनेछ । विद्यालयको पुर्नसंरचना गर्न एकिकरण कार्यलाइ प्राथमिकता दिइनेछ । गुणस्तरीय शिक्षामा पहुँच पुर्याउन सामुदायिक विद्‌यालयलाई नमूनाको रुपमा सञ्चालन गर्ने कार्यक्रम गरिनेछ । सामुदायिक विद्‌यालयहरुमा विद्‌यालयको उपलब्धी र नतिजालाई मध्येनजर गर्दै विद्‌यार्थीको अनुपातमा शिक्षकको दरवन्दि कायम गर्न नेपाल सरकार र प्रदेश सरकार समक्ष पहल गरिनेछ । नगरभित्र सामुदायिक अध्ययन केन्द्र पुस्तकालय आदिको स्थापना र विकास गरिनेछ । नगरपालिकाभित्रका वालविकास केन्द्रहरुलाई आवश्यक सहयोग उपलब्ध गराईने छ । यस नगरपालिकामा प्राविधिक शिक्षालयहरु स्थापना गर्न सामुदायिक क्षेत्रलाई प्रोत्साहन गरिनेछ । यस नगरपालिकामा सञ्चालनमा रहेका चुरे क्याम्पस र मनुसा टिकासिंह क्याम्पसलाई आवश्यक सहयोग गरिनेछ ।
- **सबैको लागि शिक्षा कार्यक्रम मार्फत सबैलाई शिक्षित बनाउन निरक्षरता उन्मुलन गर्ने कार्यक्रमलाई महिला विद्यालय, बैकल्पिक शिक्षामा लगानी गर्न प्रोत्साहन गरिनेछ। नगरको कमजोर भौतिक पूर्वाधार भएका सामुदायिक तथा सरकारी क्याम्पस,मा.वि., नि.मा.वि. र प्रा.वि. हरुलाई यस क्षेत्रमा काम गर्ने गै.स.सं. संग समन्वय गरी आवश्यक सहयोग गरिनेछ। यसबाट सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार हुने अपेक्षा गरिएको छ।**
- नेपालको संविधानले स्वास्थ्यलाई मौलिक हकको रुपमा स्थापित गरिसकेको सन्दर्भमा यस ठाकुरबाबा नगरपालिकामा पनि आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने व्यवस्था मिलाईने छ । नेपाल सरकारले विगतका वर्षमा स्वास्थ्य क्षेत्रमा सञ्चालन गरेका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ र सोको प्रभावकारी कार्यान्वयन गरिनेछ । आधारभूत स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी बनाईनेछ । थारु जातीको वंशाणुगत रोग सिकलसेल एनिमियाको रोकथाम र नियन्त्रण सम्वन्धमा आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ । यस्तो सिकलसेल रोगको उपचारको लागि नगरस्तरमा एउटा सिकलसेल प्रयोगशालाको स्थापना गरिनेछ । र उक्त कार्यका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुको सहयोगका लागि अनुरोध गरिनेछ ।
- **आधारभुत तथा प्राथमिक स्वास्थ्य सेवामा आम जनताको पहुच अभिबृद्धि गरि गुणस्तरीय स्वास्थ्य सेवालाई विस्तार गर्ने नीति लिईने छ।**
- **महिला स्वास्थ्य स्वंम सेविकाहरुको उत्कृष्ट सेवालाई प्रोत्साहन गरिने कार्यक्रम संचालन गरिनेछ।**
- **नगर स्वास्थ्य क्लिनिकलाइ विस्तार गरिने छ।**
- **नगरपालिका क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाईलाई वातावरण अनुकुल, नागरिक स्वास्थ्य अनुकुल बनाउन बजार अनुगमन गर्ने कार्यलाई प्रभावकारी बनाईनेछ।**
- यस नगरपालिकाले लैंगिक समता, महिला सशक्तिकरण, लैंगिक मूलप्रवाहीकरण र महिला सहभागिता वृद्‌धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ । सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी वनाईने छ । बालविवाह, बहुविवाह जस्ता कुरितीहरुलाई कम गर्दै लगिनेछ । नगरपालिकाभित्रका अनाथ, टुहुरा बालबालिका र असहाय व्यक्तिको पहिचान गरी उनीहरुको हेरचाह शिक्षा औषधोपचार तथा पोषण जस्ता कार्यक्रम गर्न एक असहाय व्यक्ति तथा टुहुरा बालबालिका संरक्षण कोष स्थापना गरिनेछ । आगामी केही वर्षभित्र यस नगरपालिकालाई बालश्रम मुक्त नगरपालिका बनाइनेछ ।

- **महिला, बालबालिका, दलित, आदिवासी जनजाति, जेष्ठ नागरिक, मधेशी, मुस्लिम, आपङ्गता भएका तथा पिछडिएका वर्गलाई सामाजिक परिचालनको माध्यद्वारा सशक्तिकरण र आर्थिक विकासका कार्यक्रमहरु संचालन गरिनेछ साथै उक्त कार्यक्रम गैरसरकारी संस्था, महिला समूह, आदिवासी जनजाति, दलित समुदायका समूह र संस्थाहरुसंगको सहकार्यमा कार्यक्रम संचालन गरिनेछ। र लक्षीत समुह विकास कार्यक्रमलाइ निरन्तरता दिइने छ।**
- **हिंसा पिडित, एकल महिला, जोखिममा परेका वैदेशिक रोजगारीबाट फर्केका महिला, बेसहारा एवं अपाङ्गता भएका महिलाहरुको अधिकार संरक्षण र प्रवर्द्धन गर्न उक्त क्षेत्रमा कार्यरत गै.स.स. महिला तथा बालबालिका कार्यालय संगको सहकार्यमा कार्यक्रम संचालन गरिनेछ।**
- **नगरलाई बालमैत्री नगर बनाउन बालमैत्री स्थानीय शासन सम्बन्धी रणनीतिक योजना तयार गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, जिल्ला समन्वय समिति तथा अन्य साझेदार संग समन्वय र साझेदारी गरी कार्यक्रम संचालन गरिनेछ।**
- **ठाकुरबाबा नगरपालिकामा विद्यमान बढदो शैक्षिक बेरोजगारलाई मध्यनजर गर्दै महिला, दलित, आदिवासी जनजातिहरुका युवालाई लक्षित गरी स्वरोजगारमूलक तालिम तथा क्षमता विकास सम्बन्धी कार्यक्रमलाई प्राथमिकता दिईनेछ।**
- **बालमैत्री स्थानीय शासनमा बाल सहभागिता प्रबर्द्धन गर्दै नगरका बालबालिकाको शारिरीक मानसिक विकास साथै क्षमता विकासलाई बाल संजाल, बाल क्लब गठनका साथै उत्कृष्ठ विद्यार्थी सम्मान, खेलकुद सामाग्री वितरण र बाल उद्यान निर्माण कार्य गर्दै लागिनेछ।**

***अध्यक्ष महोदय ,***

- **बाल श्रम न्यूनिकरण, बाल शोषणको अन्त्य, घरेलु बाल श्रमिकको पुनः स्थापना, द्वन्द्व पिडित जोखिममा परेका बालबालिकाको पुनः स्थापना गर्नु विभिन्न संघ संस्थाहरुसंग समन्वय गरिनेछ।**
- युवाहरूको क्षमता विकासका लागी कार्यक्रम संचालन गरीने छ ।
- चोरी सिकार नियन्त्रणमा रहने यूवाहरुका लागी रोजगारको ब्यवश्था मिलाइने छ ।
- नगर स्तरीय खेलकुद क्लबको गठनगरि आवश्यक सहयोग गरिने छ ।
- बिभिन्न खेलकुद प्रतियोगीता संचालनकाको लागी आवश्यक सहयोग गरीने छ ।
- वंचितिकरण र वहिष्करणमा परेका तथा पारिएका सवै वर्ग, क्षेत्र, जात, लिङ्ग, समुदायको आर्थिक, सामाजिक, राजनैतिक विकास गरी स्थानिय तहका विकासका सवै प्रकृया र निर्णयमा यिनिहरूको भुमिकालाई शसक्त वनाउने नीति अवलम्वन गरीने छ ।
- महिला, दलित, आदिवासी जनजाती, मधेसी मुस्लीम तथा पिछडावर्ग, लोपोन्मुख जाति र आर्थिक तथा सामाजिक रूपमा विपन्न वर्गका नागरीकको उत्थानका लागी उनिहरूकै सहभागीतामा लक्षित कार्यक्रम संचालन गर्ने निती लिइनेछ ।
- लक्षित समुदायको कार्यक्रम, योजना तथा प्रस्तावहरू उनिहरूको मागको आधारमा आयआर्जन मुलक, सिप विकास, क्षमता विकास, मुलप्रवाहिकरण, शसक्तिकरण, हुने खालका हने नीति अवलम्वन गरीने छ।
- लक्षित समुदायका कार्यक्रमहरू गर्दा वितरणमुखि, अनुत्पादक क्षेत्रमा लगानी नहुने किसिमको नीति अंगिकार गरीने छ।
- लैङ्गिक उत्तरदायी वजेटलाई उच्च प्राथमिकता दिइने छ ।
- जेष्ठ नागरीकको सम्मान तथा उनिहरूको जिवनलाई सुरक्षित वनाइन जोड दिइने छ।

- कृषिमा आधुनिकिकरण एवं बजारको विस्तार विकासलाई प्राथमिकतामा राख्दै कृषि क्षेत्रलाई नगरपालिकाको उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । धान, गहुँ, मकै, दलहन जस्ता प्रमुख बालीहरुको उत्पादनमा नगरपालिकालाई आत्मनिर्भर बनाईने छ । सिंचाई, मलखाद, वीउविजनको उपलब्धतालाई सहज तुल्याईने छ । पशुजन्य उत्पादन र नगदे बालीलाई प्रोत्साहन गरिनेछ । नेपाल सरकारबाट सञ्चालित पशु र बाली बीमा कार्यक्रमलाई हरेक कृषकको माझमा पुर्याइने छ । आर्थिक तथा सामाजिक रुपले पछि परेका कृषक केन्द्रित कार्यक्रम लागु गरी प्रभावकारी रुपमा सञ्चालन गरिने छ । निश्चित क्षेत्रफलमा नमूना कृषि उत्पादन लागू गरिनेछ । यस बर्ष लाइ **आर्थिक समृद्धिको आधार, कृषिमा आधुनिकिकरण र बजार** भन्ने नारा तथा **एक घर एक करेशावारी**, **एक समुह एक उद्यान** जस्ता उल्लेखनिय कार्यक्रमहरु कृषि क्षेत्रमा सञ्चालन गरि कृषकहरुको जीवन स्तरलाइ माथि उठाउने प्रयत्न गरिने छ नगर स्तरमा चिस्यान केन्द्र स्थापनाको स्थापनामा जोड दिइने छ ।
- खेतीयोग्य जमीनलाई बाझो राख्ने प्रबृतीलाई निरुत्साहीत गर्दै कृषि भुमीको दिगो एवं भरपर्दो स्थानिय परिबेश सुहाउदो **योजना बनाई कार्यान्वयनका** साथे स्थानिय बजार **मुल्यमा एक रुपता** ल्याउन नगर स्तरमा छुट्टै **भरपर्दो संरचनाको लागी कार्य बिधि** बनाइने छ ।
- **उच्च मुल्य बस्तु (High Value Crop)** हरु तथा सम्भावना बोकेका बस्तुहरु पत्ता लगाइ सहयोगी कार्यक्रमहरु **पकेट**, **ब्लक**, **युवा स्वरोजगार** जस्ता कार्यक्रमहरुलाइ प्राथमीकता दिइने छ।
- कृषिलाइ व्यवसायिकरण लागी **युवा लक्षित**, **मागमा आधारीत तथा यान्त्रिकिकरणमा** जोड दिइने छ।
- कृषि बिकास रणनिति (ADS) ले लिएका नितिहरुलाइ आत्मसाथ गर्दै नगर क्षेत्र भित्र कृयाशिल कृषक समुह तथा कृषक समुहलाइ मान्यता दिइने छ ।
- **नगरको कृषि तथा पशु नीति बमोजिम एकिकृत पशु र कृषि सम्बन्धि कार्यक्रम संचालन गरी व्यवसायीक कृषि तथा पशुपालन कार्यक्रमलाई प्रोत्साहित गरिनेछ।**
- **दीगो तथा समावेशी कृषि विकासको माध्यमबाट गरिबी न्यूनीकरणमा टेवा पु¥याउदै नगर भित्रका कृषियोग्य जमिनहरुमा बढदो जनघनत्व एवं आवास क्षेत्रहरु विस्तारित हुँदै गइरहेको अवस्थामा बचेको कृषियोग्य जमिनलाई संरक्षण गरी प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्दै उच्च मूल्य प्राप्त गर्ने खालका नगदे वाली उत्पादनमा कृषकलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।**
- **उर्वर जमिनलाई खण्डिकृत गरी जग्गा प्लटिङ गर्ने कार्यलाई पुर्ण रुपमा निरुत्साहित गरिनेछ।**
- **एक गाउँ एक उत्पादन नितिलाई अवलम्बन गरिने छ।**
- **स्थानीय कृषकहरुको उत्पादन लाई सहज बिक्रि वितरणका लागि केन्द्र, हाटबजार, चिस्यान केन्द लगायतका भौतिक संरचनामा विशेष जोड दिनेछ साथै कृषि उत्पादनको उपयुक्त दर कायम गरि विक्रि वितरणमा सहजता गरिने नीति लिईने छ। नगरवासीलाई स्वस्थकर मासुका लागि व्यवस्थित पशु बधशाला र मिटमार्ट केन्द्रको स्थापना र संचालनमा ल्याइने छ ।**
- पशुपालन क्षेत्रमा लागेका सम्पुर्ण कृषकहरुको स्तरीकरण गरी अवधिको आधारमा आवश्यक नीति तथा कार्यविधि तयार पारि सामाजिक सुरक्षा सुरक्षण कार्यक्रम लागु गरिने छ ।
- नगर क्षेत्रका संवाभना वोकेका पशु वस्तुहरुको आधुनिकीकरण तथा व्यवसायीकरण गर्दै कृषकहरुलाई आत्म निर्भर गराउने छ।
- स्थानीय पशुहरुलाई नश्ल सुधार गरी दुध तथा मासुमा आत्म निर्भर गर्राई वाहिर निकासी गरिने छ ।

- कृषकहरुले पालेका व्रोइलर तथा लेस कुखुरालाई व्यवस्थीत गरी व्यवसायीकरण गर्दै लैजाने पशुपछिं पालक कृषकहरुलाई दुध तथा मासु उत्पादन वढाउनको लागि कृषकलाई व्यवसायीक करण गरिने छ ।
- स्थानीय गाई भैसीमा उन्नत जातको राँगो साढेको विर्यवाट नश्ल सुधार गरि दुध तथा मासु उत्पादन वढाइने छ ।
- सवै ठाउँमा घाँसको खेति गराउने र आहारामा हरियो घाँस खुवाई दुध उत्पादन वढाइने छ ।
- दिर्घकालिन सिचाइको लागी ववइ सिचाइको विस्तारको लागि पहल गरीने छ ।
- बबई नदि, अम्वासा खोला, ओराही खोला, तलवेलवा खोला, खौराह खोला तटवन्धनको लागि सम्वन्धित निकायमा प्रभावकारी पहल गरिनेछ ।

***अध्यक्ष महोदय***

- **विकास योजना तर्जुमा, कार्यान्वयन एवं मूल्याङकनमा समन्वय र सहयोगका लागि कार्यतालिका (Work Schedule) बनाई कार्यक्रम संचालनमा अझ प्रभावकारिता ल्याईनेछ ।**
- **पूर्वाधार निर्माणको गुणस्तरियता यकिन गर्न निर्माण सामाग्रीहरुको गुणस्तर परीक्षण, विस्तृत सर्वेक्षण, ठूला ठूला विकाश निर्माणका लागि गरिने माटो परिक्षणको लागि ल्याब संचालन, ल.ई., डिजाईन, सम्झौता लगायतका प्रावधानलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।**
- **सवै वडालाइ जोडने गरी Ring Road को feasibility study गरीने छ ।**
- **स्थानीय पूर्वाधार नीतिले निर्धारण गरेका एकिकृत जग्गा विकास (Land Pooling), एकिकृत बस्ती विकास (lntegrated Settlement Development), एकिकृत आवास विकास (House Pooling) का योजना संचालन गरिने निति लिईनेछ।**
- **नगरपालिका क्षेत्र भित्रका पानीमा श्रोतलाई एकिकृत गरी बृहत खानेपानी आयोजना संचालन गरी एक घर एक धारा अवधारणा अन्तर्गत स्वच्छ सफा पिउने पानी व्यवस्थापनको प्रयास गरिनेछ ।**
- **सार्वजनिक पोखरीको संरक्षण गरि पानीको श्रोतको व्यवस्थापन र नयाँ पोखरी निमार्ण गर्न प्रोत्साहित गर्ने नीति अवलम्वन गरिनेछ ।**
- भुरीगाउ वजार लगायत मुख्य वजारहरूको ढल निकासको बृहत्तर र एकिकृत योजना तयार गरी क्रमश कार्यन्वयन तर्फ लगिने छ।
- स्वच्छ खानेपानीमा नागरिकको पहुँच अभिवृद्धि गरिनेछ । समुदाय र नगरपालिकाको सहकार्यमा खानेपानीको उत्पादन तथा वितरण कार्य सञ्चालन गरिनेछ ।
- **नगर क्षेत्रमा रहेका नदी, ताल, पोखरी, पानीको मुहान आदिको क्षेत्रफल सिमा तथा क्षेत्राधिकारको विवरण अध्यावधिक गर्ने र उक्त प्राकृतीक स्रोतको तोकिएको क्षेत्राधिकार र सेट व्याक भित्र कुनै संरचना निर्माण गर्न नपाउने व्यवस्थालाई कार्यान्वयनमा ल्याउने नीति लिईनेछ ।**
- **सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ्ग प्रणालीबाट थप व्यवस्थित गर्ने र Website मार्फत भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण सार्वजनिक गर्ने कार्यहरुलाई निरन्तरता दिईनेछ ।**
- **व्यक्तिगत घटना दर्ता कार्यलाई वैज्ञानिक एवं प्रभावकारी बनाउदै कम्प्यूटर सफटवेयर मार्फतमा घटना दर्ता गर्ने कार्यलाइ अझ प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।**
- **नगरपालिका कार्यालयको कार्यलाई प्रभावकारी जनमुखी, जवाफदेहीता, पारदर्शिता, मितव्ययीता तुल्याउन कार्यबोझ तथा समयानुकुल व्यवस्थापनको लागि संगठन विकास ढाँचा तयार गरिनेछ ।**
- उपलब्ध जनशक्तिको क्षमता बिकासलाइ समेत जोड दिइ कर्मचारीको कार्य सम्पादनको आधारमा प्रोत्साहन भत्ता लगायत पुरस्कारको ब्यवश्था गरिने छ ।

- यस नगरपालिकाको सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासन प्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै लगिनेछ । नेपाल सरकारबाट यस नगरपालिकामा खटिएका कर्मचारीको प्रभावकारी परिचालन गरिने छ ।
- **सार्वजनिक खरिद ऐन नियम र स्थानीय तहका आ.प्र. सम्वन्धी कानुनमा नियमावलीमा भएको व्यवस्था अनुसार प्रोद्भावी लेखा प्रणाली (Accural Accounting System) प्रयोगमा ल्याईनेछ ।**
- **सुशासन कार्यान्वयन तर्फ सार्वजनिक सुनुवाई र उपभोक्ता समितिबाट सार्वजनिक परीक्षणलाई व्यवस्थित गर्दै लगिनेछ । सुशासन ईकाइ र सार्वजनिक खरिद ईकाईलाई सकृय पारिनेछ । आयोजना स्थलमा होर्डिङबोर्ड राख्ने, खर्च सार्वजनिक गर्ने, कार्यालयमा उजुरी पेटिका राख्ने, सहयोगी कक्ष स्थापना गर्ने, गुनासो सुन्ने अधिकारी र सम्पर्क अधिकारी तोक्ने, डिजिटल नागरिक वडापत्र संचालनमा निरन्तरता दिदै प्रभावकारि ढंगले अगाडी बढाईनेछ । first come first service को अवधारणा अवलम्वन गरिनेछ ।**
- **नगर भित्र कार्यरत राष्ट्रिय/अन्तर्राष्ट्रिय, गैरसरकारी संस्थाहरु संग आवश्यक समन्वय गरी सामाजिक परिचालन, सशक्तिकरण, जिविकोपार्जन, सामाजिक समावेशीकरण र विकास निर्माणमा सहकार्य गरिनेछ ।**
- **नेपाल सरकारले लिईएको तीन खम्बे अर्थनीति अनुसार सहकारीहरुलाई रोजगारी निर्माणमा परिचालन र समन्वय गरी साझेदारी कार्यक्रम अघि बढाइनेछ ।**
- **स्वीकृत योजनाहरु उपभोक्ता समिति मार्फत प्रभावकारी ढंगले संचालन गर्नका लागि उपभोक्ता समितिलाई तालिम संचालन गरिनेछ साथै उपभोक्ता समितिबाट योजना कार्यन्वयनका हुन नसकेका योजनाहरुलाई ठेक्का प्रक्रियाबाट समयमै सम्पन्न गर्न आवश्यक प्रक्रिया अगाडी बढाईने छ ।**
- **योजनाहरुको जाँचपास तथा फरफारक गर्ने कार्यको लागि जाँचपास समितिलाई क्रियाशिल बनाईनेछ ।**
- **प्रत्येक योजनाको लागि स्थानीय तहमै अनुगमन समिति र नगरस्तरमा उच्चस्तरीय अनुगमन समिति गठन गरी क्रियाशिल बनाईनेछ ।**
- **निश्चित अवधिभित्र योजना सम्झौता नगरे रकम फ्रिज गर्ने, घटाउने वा अन्य विकल्प व्यवस्था गरी समयमै कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।**
- **वडास्तरका योजनाहरुको वडास्तर बाटै संचालन गर्ने आवश्यक ब्यवस्था मिलाइने छ ।**
- वडा कार्यालय भवन निर्माण प्रकृया सुरु र साविक ववइ नपाको भवन निर्माण कार्यलाइ निरन्तरता दिइनेछ ।
- सवै वडाहरु जोड्ने गरि चकपथ (Ring Road ) को संभाब्यता अध्ययन गरीने छ ।
- नगरस्तरका गौरवका आयोजना, योजना तथा क्रमागत योजना र निर्माण कार्यलाई उच्च प्राथमिकता दिइने नीति लिइने छ ।
- सडकको स्तरन्नोति, चौडा र मोहडा सुधार गर्ने कार्यलाई प्राथमिकता दिइने छ।
- एक वडा देखि अर्को वडा जोड्ने सम्पुर्ण बाटोहरु क्रमीक रुपमा कालोपत्रे गर्दै जाने निति अवलम्बन गरिने छ भने काठेपुल बिस्थापित कार्यक्रम संचालन गरि कल्भर्ट र पुल निर्माण कार्यलाइ तिब्रता दिइने छ ।
- जनसहभागीता कायम गर्न जनश्रमदान जुट्ने योजनामा उपभोक्ता समितीवाट काम गर्न गराउन प्रोत्साहित गरीने र उक्त योजनामा जनताको अपनत्व, स्वामित्व, जनसहभागीता कायम गर्दै शुसासन अभिवृदि गर्ने नीति लिइने छ ।
- पुर्वाधारको निर्माण गर्दा दिगो विकासमा जोड दिइने नीति लिइने छ ।
- निर्माणकार्यको ठेक्का गर्दा e bidding system को प्रयोग गरिने नीति लिइने छ।

- सुरक्षित, स्वच्छ शहरको विकासमा जोड दिदै भुकम्प प्रतिरोधी संरचना निर्माणलाई अनिवार्य वनाइने नीति लिइने छ।
- स्थानिय विकास निर्माण कार्यमा वातावरणीय व्यवस्थापनलाई आन्तरीकिकरण गर्दै योजना कार्यान्वयनको अभिन्न अंगको रूपमा लिइनेछ।
- ठुला योजना निर्माण गर्न विभिन्न निकाय तथा दाताहरू संग समन्वय गरीने छ ।
- विकास निर्माण कार्यमा लक्षित समुदायको सहभागीता र प्रतिनिधित्वलाई अनिवार्य वनाइने छ ।
- सार्वजनिक निकाय तथा संस्थाका भौतिक संरचनाहरू अपाङ्गमैत्री र वालमैत्री वनाइने छ।
- सामुदायीक वनको संरक्षणमा समुदायलाई थप जिम्मेवार वनाउदै वनको संरक्षण र सम्वर्द्धनमा जोड दिइने छ। साथै सामुदायिक वनको close co-ordination मा विभिन्न कार्यक्रम संचालन गरिनेछ ।
- नगर क्षेत्रका सम्पुर्ण सामुदायीक बनहरुलाइ ब्यवस्थित गरिने छ ।
- बन्यजन्तु आक्रमणबाट जनता तथा बाली नाली एवं पशु चौपयाहरुको सुरक्षाको अनुभुति हुने कार्यक्रम तर्जुमा गरिने छ ।
- बन्य जन्तु र बाताबरण संरक्षाणका लागी चेतनामुलक अभियान थालनी गरिने छ ।
- वातावरण , अपागंमैत्रि र जलवायुमैत्री पूर्वाधार विकासमा जोड दिईनेछ । सामुदायिक तथा सरकारी वन क्षेत्रको बैज्ञानिक एवं दिगो व्यवस्थापन गरी सामुदायिक वन उपभोक्ता समितिहरुले वनजन्य उत्पादनबाट प्राप्त गरेको आयमा कर लगाई नगरपालिकाको राजश्व वृद्धि गरिनेछ । सामुदायिक वनमा सवै जनताको पहुँच विस्तार गरी सवै नगरवासीलाई वन पैदावारको उपयोगबाट बञ्चित नहुने व्यवस्था मिलाईने छ । आर्थिक रुपले महत्त्वपूर्ण वनस्पति र जडिवुटीको पहिचान गर्ने प्रशोधन गर्ने कार्यमा निजी तथा सामुदायिक संस्थालाई सहभागी गराईनेछ ।
- **जंगलि जनावरको आक्रमणबाट पिडित परिवारको लागि क्षतिपुर्तिको ब्यवस्थाको लागि पहल गरिने छ।**
- **निकुन्जको आसपासका वस्तीको संरक्षणका लागि तारबार र पक्की पर्खाल निर्माणको क्रमश ब्यवस्था गरिने छ।**

***अध्यक्ष महोदय ,***

**अन्त्यमा**

**प्रस्तुत नीति तथा कार्यक्रम प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष्य रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण नगरवासी नगर सभाका सदस्यज्युहरु, नगर कार्यपालिकाका सदस्यज्युहरु तथा उपस्थित कर्मचारीहरुमा धन्यवाद दिन चाहन्छु। नीति, तथा कार्यक्रम तर्जुमा कार्यक्रमका सिलसिलामा नगर स्तरीय राजनैतिक पार्टीका प्रतिनिधिज्यूहरु, पदाधिकारीज्यूहरुको विकास प्रतिको एकता, सम्वेदनशिलता तथा क्षेत्रगत सुचनाको जानकारी एवं सहभागीता एवं पृष्ठपोषण हाम्रा लागि अत्यन्त महत्वर्पण रहयो । नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष अप्रत्यक्ष सघाउ पुऱ्याउनु हने सरकारी कार्यालय, गैर सरकारी संघसंस्था, नागरिक समाज, उद्योगी व्यवसायी,पर्यटन ब्यवसायी , बुद्धिजीवि, संचारकर्मी, कर्मचारी साथीहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। कुनै पनि योजनाको सफलता सोको सफल कार्यान्वयनमा भर पर्ने भएकाले यसका लागि सबै राजनैतिक दल, नगर कार्यसमितिका पदाधिकारी, नगर सभाका पदाधिकारी, नागरिक समाज, सरकारी एवं गैर सरकारी संस्थाहरु, कर्मचारी वर्ग एवं आम नगरवासीको संयूक्त प्रयास आवश्यक छ। सदा झै नगरवासी र सबै सरोकारवालाबाट सहयोग प्राप्त भई रहने आशा एवं विश्वास लिएकी छु।**

**धन्यवाद ! नमस्कार !**

मिति २०७४।०६।३०